# तीनपाटन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**लाम्पनटार, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आय संकलन तर्फ जडिवुट्टी, कवाडी, जिवजन्तु र कृषिजन्य उत्पादन लगाएतका वस्तुहरुको व्यावसायीक उपयोग तथा निकासी कर संकलन व्यवस्थापनका लागि दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०८/२४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ध (४) मा भएको व्यवस्था तथा तीपाटन गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम आ.व. २०८१/०८२ को आन्तरीक आय संकलनको लागि देहायको शीर्षकमा कर तथा शुल्क असूली सम्बन्धी काम ठेक्काद्वारा गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी तोकिएको मिति र समय भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

**आन्तरिक आय ठेक्का विवरण**

| ठेक्का नं. | आयको विवरण | न्यूनतम अङ्क- मु.अ.कर बाहेक | उपयोग तथा निकासी शुल्क दर प्रति इकाइ | दरभाउ पत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | जडिवुट्टी, कवाडी, जिवजन्तु र कृषिजन्य उत्पादन लगाएतका वस्तुहरुको व्यावसायीक उपयोग तथा निकासी कर संकलन (काठजन्य वस्तु निकासी बाहेक) | रु.५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैयां मात्र) | तीनपाटन गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम | रु.१,०००।- | मु.अ.कर सहित कुल कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**आय ठेक्का सम्बन्धी शर्तहरुः-**

१. ठेक्काको दरभाउपत्र फारम खरिदका लागि यस कार्यालयको राजश्व शाखाबाट दरभाउपत्र बापत जारी भएको नगदी वा तीनपाटन गाउँपालिकाका कार्यालयको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड तीनपाटन शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३५८०४०१००००००७, राजश्व शीर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कलै बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को लागि फर्म वा कम्पनी नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी, स्थानीय तहमा व्यवसाय करमा दर्ता नविकरण भएको प्रमाणपत्र प्रतिलिपी, करचुक्ता प्रमाणपत्र प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र प्रतिलिपी सहित निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले ७ दिन मिति २०८१/०८/३० गते कार्यालय समयभित्र दरभाउपत्र फारमहरु तीनपाटन गाउँ कार्यापलिकाको कार्यालयबाट खरीद गर्न सकिने छ।

२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी सिलबन्दी दरभाउपत्र फारम् भरी ८ औं दिन मिति २०८१/०९/०१ गते दिनको मध्यान्न १२:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ र पेश भएका सिलबन्दी दरभाउपत्र सोही दिनको दिउँसो २:०० बजे कार्यालयको प्रतिनिधी एवम् ठेकेदारहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाताका प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोलिनेछ। दरभाउपत्र खरीद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिन क्रमशः गरिनेछ।

३. सिलबन्दी दरभाउपत्रका साथ फर्मले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम धरौटी बापत तीनपाटन गाउँपालिकाको कार्यालयको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड तीनपाटन शाखामा रहेको ग-३ स्थानीय तह धरौटी खाता नं.३५८०४०१००००००४ मा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत (Bid Bond) सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गरिने छ।

४. दरभाउपत्र फारममा कबोल अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। म्याद नाघी वा रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

५. यो ठेक्काको अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८२ असार मसान्त सम्म हुनेछ।

६. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको रकम एकमुष्ट बुझाउनु पर्नेछ। एकमुष्ट रकम बुझाउन नसकेमा निम्न तालिका बमोजिमको किस्तामा ठेक्का बापतको रकम बुझाउनु पर्नेछ।

| किस्ता | किस्ता बुझाउने समय | रकम रु. मा |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखत | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०८१ चैत्र मसान्त सम्ममा | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०८२ साल बैशाख मसान्त सम्ममा | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

७. थप जानकारीको लागि यस कार्यालयको वेबसाईट www.tinpatanmun.gov.np र कार्यालयको फोन नं.9854042220 मा सम्पर्क गर्न सकिने छ।

CamScanner

## आन्तरिक आय ठेक्का सम्बन्धी अन्य शर्तहरु:

१. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८१/०८/३० गते कार्यालयको समय भित्र खरिद गर्न सकिने र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट (८ औं) दिन मिति २०८१/०९/०१ गते १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ। दर्ता हुन आएको दरभाउपत्रहरु १६ औं दिनमा दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र खरीद, दर्ता र खोल्ने दिन सार्बजानिक विदा परेमा सो को भोली पल्ट सोही समय भित्र खरीद, दर्ता र खोल्ने कार्य गरिनेछ। वोलपत्र खोल्ने वेलामा बोलपत्र दाता स्वयं उपस्थित हुने वा नहुने भए आधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा लिई प्रतिनिधि खटाउन सक्नेछ।

२. शिलबन्दी दरभाउपत्रका साथ फर्मले आफुले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशत रकम धरौटी वापत तीनपाटन गाउँपालिकाको कार्यालयको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड तीनपाटन शाखामा रहेको ग-३ स्थानीय तह धरौटी खाता नं. ३५८०४०१००००००४ मा जम्मा गरेको सक्कल भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको कुनै राष्ट्रियस्तरको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत (बिड बन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन। साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फर्ता गरिनेछ।

३. दरभाउपत्र खरीद तथा दर्ता गर्दा कुनै प्रकारको शर्त मान्य हुनेछैन। प्रमाणित गरी कार्यालयको छाप लगाई वितरण गरिएको टेण्डर फारमलाई मात्र मान्यता दिइनेछ। एक वटा फारममा एउटा ठेक्काको लागि मात्र दरभाउपत्र पेश गर्न सकिने भएकोले एउटै व्यक्ति वा संस्थाले फरक फरक ठेक्काको लागि दरभाउपत्र पेश गर्न चाहेमा फरक फरक दरभाउपत्र फाराम भरी पेश गर्नु पर्नेछ।

४. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र खरीद कारबाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारबाहीमा नपरेको व्यहोराको स्वःघोषणापत्रको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ।

५. गाउँपालिकाको आर्थिक ऐन, २०८१ र राजश्व परामर्श समितिको निर्णय अनुसार तल उल्लेखीत दररेटमा जडवुटी, कवाडी, जिवजन्तु र कृषिजन्य उत्पादन लगाएतका वस्तुहरुको व्यवसायीक उपयोग तथा निकासीमा लाग्ने कर संकलन गर्न पाउनेछ।

| क्र.सं. | नाम | एकाई | दर रु. |
|---|---|---|---|
| १. | जडिबुटी तर्फ | | |
| | जरा जाति | | |
| (क) | सुगन्धवाल | प्रति के.जी. | २।- |
| | पाखनबेद | प्रति के.जी. | २।- |
| | सतावारी | प्रति के.जी. | २।- |
| | सतुवा | प्रति के.जी. | २।- |
| | वन लसुन | प्रति के.जी. | २।- |
| | सेतक तिनी जरा | प्रति के.जी. | २।- |
| | काकोली | प्रति के.जी. | २।- |

... बहादुर नेगी
... प्रशासकीय अधिकृत



CamScanner

| | | | |
|---|---|---|---|
| | गामाडोल | प्रति के.जी. | २।- |
| | बोझो | प्रति के.जी. | २।- |
| | विषफेज | प्रति के.जी. | २।- |
| | बज्रदन्त | प्रति के.जी. | २।- |
| | भूतकेश | प्रति के.जी. | २।- |
| | अकरकरा | प्रति के.जी. | २।- |
| | कुरिलो | प्रति के.जी. | ५।- |
| | अदुवा/बेसार | प्रती के.जी. | १।- |
| | अलैची | प्रति के.जी. | ४।- |
| | अन्य नाम नखुलेको जराजाति | प्रति के.जी. | २।- |
| (ख) | काठको बोक्रा जाति | | |
| | नेपाली दालचिनी | प्रति के.जी. | २।- |
| | चुत्रोको बोक्रा | प्रति के.जी. | २।- |
| | भोर्लाको बोक्रा | प्रति के.जी. | २।- |
| | छतिवनको बोक्रा | प्रति के.जी. | २।- |
| | टोटलाको बोक्रा | प्रति के.जी. | २।- |
| | पवनको बोक्रा | प्रति के.जी. | २।- |
| | काउलोको बोक्रा | प्रति के.जी. | २।- |
| | अन्य नाम नखुलेको जराजाती | प्रति के.जी. | २।- |
| (ग) | पात जाति | | |
| | तेज पत्ता | प्रति के.जी. | १।- |
| | अमरिसो कुचो | प्रति के.जी. | १।- |
| | कुमकुम पात | प्रति के.जी. | २।- |
| | लौठ सल्लाको पात | प्रति के.जी. | २।- |
| | धस्रिङ्गेको पात | प्रति के.जी. | २।- |
| | मसला | प्रति के.जी. | २।- |
| | तलिस पत्रको पात | प्रति के.जी. | २।- |
| | तेन्दु पात | प्रति के.जी. | २।- |
| (घ) | फल र बिज जाति | | |
| | टिम्बुर | प्रति के.जी. | २।- |
| | बुद्धचित्त | जम्मा मुल्यको | ५ प्रतिशत |
| | पाङ्गो | प्रति के.जी. | २।- |

टेक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ओखर | प्रति के.जी. | २।- |
| | रिठ्ठ/हर्रो/वर्रो/अमला | प्रति के.जी. | २।- |
| | ईन्दायणीको वियाँ | प्रति के.जी. | २।- |
| | वन करेलाको वियाँ | प्रति के.जी. | २।- |
| | सुगन्धको किला | प्रति के.जी. | २।- |
| | सालको वियाँ | प्रति के.जी. | २।- |
| | वनकस (खर), बाबियो, महलन पत्ता, छ्वाली पराल, वगास, निगालो, लोक्ता, पटेर | प्रति ट्याक्टर | ३००।- |
| | | प्रति ट्रक | ६,००।- |
| (ङ) | बासँ | प्रति घना | १।- |

प्रचलित कानूनले निषेधित गरे वाहेकका पंक्षीहरु

| क्र.सं. | नाम | एकाई | आ.व. २०८१/८२ का लागि पारित दर रु. |
|---|---|---|---|
| १. | हाँसको प्वाँख | प्रति के.जी. | ५।- |
| २. | कुखुराको प्वाँख | प्रति के.जी. | १।- |
| ३. | हाड, सिङ र खुर | प्रति के.जी. | २।- |
| ४. | छाला ठूलो | प्रति गोटा | २०।- |
| ५. | छाला सानो | प्रति गोटा | १०।- |

पशु जन्य तर्फ

| क्र.सं. | नाम | एकाई | आ.व. २०८१/८२ का लागि पारित दर रु. |
|---|---|---|---|
| १. | हासँ/कुखुरा | प्रति गोटा | १।- |
| २. | खसी/बाख्रा | प्रति गोटा | १०।- |
| ३. | राँगा/गोरु | प्रति गोटा | २०।- |
| ४. | सुंगुर/बंगुर | प्रति गोटा | २०।- |

पुनः प्रयोग गरी (रियूज) गर्ने देहाय वमोजिमका वस्तुः

| क्र.सं. | नाम | एकाई | आ.व. २०८१/८२ का लागि पारित दर रु. |
|---|---|---|---|
| १. | खाली सिसि(वियर) बोतलको साइज हेरी | प्रति गोटा | ००।१० |
| २. | खाली सिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ००।१० |
| ३. | खाली सिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ००।३० |

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# तीनपाटन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लाम्पनटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.:-०८१/८२ मिति:२०८१/०८/२४
च.नं.:- (११४५ थिंलाथ्व अष्टमी)

| | | | |
|---|---|---|---|
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुडा, पुराना जुत्ता, ग्यालिन र जर्किन आदि) | प्रति के जी | ००।५० |
| ५. | खाली बोरा | प्रति के जी | ००।५० |
| ६. | ५० के.जी. सम्म अट्ने जुटका बोरा | प्रति के जी | ००।५० |
| ७. | १०० के.जी. सम्म अट्ने जुटका बोरा | प्रति के जी | ००।५० |
| ८. | तेलको टिन १० लिटर भन्दा बढी अट्ने | प्रति के जी | ००।५० |
| ९. | तेलको टिन १० लिटर भन्दा कम अट्ने | प्रति के जी | ००।५० |

पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने कवाडी मालसामानहरुः

| क्र.सं. | नाम | एकाई | आ.व. २०८१/८२ का लागि पारित दर रु. |
|---|---|---|---|
| १. | झिन्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रति के.जी. | १।- |
| २. | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी. | १। |
| ३. | जलेको मोविल | प्रति लिटर | १। |
| ४. | जुट र प्लाष्टिकका बोरा | प्रति के.जी. | १। |
| ५. | कार्पेटका टुक्रा | प्रति के.जी. | १। |
| ६. | टायर ट्युव | प्रति के.जी. | १।- |
| ७. | थोत्रो टिन | प्रति के.जी. | ००।२० |
| ८. | पुरानो ड्रम | प्रति के.जी. | ००।१५ |
| ९. | पुरानो कागज | | |
| | क. अखवार (न्यूज प्रिन्ट) | प्रति के.जी. | ००।२५ |
| | ख. अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | ००।३० |
| १०. | धातुका टुक्राहरु र पत्रु भइ काम नलाग्ने समानहरु | | |
| | क. फलाम | प्रति के.जी. | १।०० |
| | ख. अन्य धातु (पित्तल, तामा आदि) | प्रति के.जी. | २।०० |
| | ग. थोत्रिएर काम नलाग्ने मेशिन औजार | प्रति के.जी. | १।०० |
| ११. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | ००।५० |
| १२. | सिसा(लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | १।- |
| १३. | काँचको धुलो र टुक्रा | प्रति के.जी. | ००।५० |
| १४. | प्रचलित कानूनले निषेध गरेका वाहेकका अन्य सामानहरु | प्रति के.जी. | २।- |

६. तीनपाटन गाउँपालिकासँग आय तथा अन्य कारोबार सम्बन्धि मुद्दा मामिलामा संलग्न भएको तथा कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको र कालो सूचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन।

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

E-mail:-info@tinpatanmun.gov.np, tinpatamun@gmail.com, ito.tinpatanmun@gmail.com
Website:- www.tinpatanmun.gov.np

७. सबै भन्दा बढी अंक ठेक्का कबोल गर्नेको दरभाउपत्र स्वीकृत गरिनेछ। ठेक्का कबोल गर्ने फर्मले दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना जारी भएको म्याद भित्र सम्झौता गर्न नआएमा दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी प्रचलित कानून बमोजिम कारबाही हुने र क्रमशः दोश्रो बढी अंक कबोल गर्ने अर्को फर्मसँग सम्झौता गरिनेछ।

८. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तीनपाटन गाउँ कार्यपलिकाको कार्यालयमा निहित रहनेछ।

९. यो ठेक्काको अवधि ठेक्का लागेको समय देखि २०८२ असार मसान्तसम्म हुनेछ।

१०. कूल ठेक्का अंक सम्झौता गर्नु अगावै नगद दाखिला गर्नु पर्नेछ। एकमुष्ठ रकम नबुझाएमा मान्यता प्राप्त राष्ट्रियस्तरको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको २०८२ साल श्रावण मसान्तसम्म म्याद भएको सम्पादन जमानत पत्र/बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र सम्झौता गरिनेछ।

११. माथि उल्लेखित ठेक्का स्वीकृत रकम एकमुष्ट नबुझाएमा कबोल रकमको भुक्तानी तालिका निम्नअनुसार गर्नु पर्नेछ। तोकिएको समय सीमाभित्र तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम तोकिएको समयमा नबुझाएमा बैंकबाट यस कार्यालयको नाममा जारी गरी सम्झौता गर्दा पेश गरिएको कार्यसम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिनेछ। सो असुल उपरमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन।

| किस्ता | किस्ता बुझाउने समय | रकम रु. मा |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखत | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०८१ चैत्र मसान्त सम्ममा | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०८२ साल बैशाख मसान्त सम्मा | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

१२. ठेकेदारले मु.अ.कर वापतको १३ प्रतिशत हुने रकम किस्ता बुझाउँदा दामासाहीले यस कार्यालयमा बुझाउनु पर्नेछ वा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ। उल्लखित रकम ठेक्का रकमबाट घटाउन सक्नेछैन।

१३. कुनै किसिमको परिस्थिती (बन्द, हड्ताल र समय अभाव तथा अन्य कारण) देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१४. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकि सरह असूल उपर गरिनेछ।

१५. ठेक्का कबोल गर्ने ठेकेदारले ठेक्का सम्बन्धी कर तथा शुल्क उठाउँदा प्रयोग गर्ने संकलन, बिक्री तर्फका भ्याट बिल तथा रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै एउटा रसिदको तीन प्रति छपाई गरी उक्त भ्याट बिल यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिद, भ्याट विलबाट कर उठाएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ। रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा रसिद नं. को सिलसिलेवार रुपमा लेखाङ्कण गरी खाता र रसिद मासिक रुपमा कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

१६. ठेकेदारले उठाउने कर तथा शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक मार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

१७.अन्य विस्तृत जानकारीको लागि तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१८.यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा सार्वजानिक खरिद ऐन, २०६३, सार्वजानिक खरिद (संशोधन सहित) नियमावली २०६४, संङघीय तथा प्रदेशका प्रचलित कानून, मापदण्ड, परिपत्र, जिल्ला अनुगमन समितिका निर्देशन तथा तीनपाटन गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ।

टक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner